गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Company Ltd.
Shree Raj Bhawan, Tinkune, Kathmandu, Nepal
Tel: 01-5199310 (Hunting Line), Fax: 977-1-5199061
Toll Free No.: 1660-01-44400
Email:info@guranslife.com, Website: www.guranslife.com

च.नं : एचओ/१०६२ /०७९/०८०　　　　　　　　　　　　मिति : २०८०/०१/१९

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाण्डौ,
नेपाल ।

विषय : साधारण सभाको (माइन्युट) विवरण पठाईएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०/०१/०६ (अप्रिल १९, २०२३) गते बुधबार कम्पनीको प्रधान कार्यालय, श्री राज भवन, तिनकुने, काठमाण्डौमा सम्पन्न १३ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) तहाँ कार्यालयको जानकारीका लागि पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

बोध लाल पुरी
कम्पनी सचिव

संलग्न :
१. वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) पाना ६

## गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित सार्वजनिक सूचना

**१. वैधानिक सभा**

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७९ साल चैत्र १४ गते (२८ मार्च, २०२३) मंगलबार बसेको संचालक समितिको २०० औं बैठकको निर्णयानुसार बोलाईएको तेह्रौं वार्षिक साधारण सभा प्रत्यक्ष तथा भर्चुअल (Zoom) माध्यमबाट समेत कम्पनीका संचालक समितिका सदस्य श्री सौरभ दुगड्ज्यूको सभापतित्वमा बसी देहाय उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको स्थान, मिति र समय :**

कम्पनीको प्रधान कार्यालय, श्री राज भवन, तिनकुने, काठमाण्डौं । (भिडियो कन्फ्रेन्सको माध्यमबाट समेत)

२०८०/०१/०६ (अप्रिल १९, २०२३) बुधबार ।

बिहान १०:३० बजे शुरु भई दिउँसो १:०० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशनः**

साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई मिति २०७९/१२/१५ गते नेपाली राष्ट्रिय दैनिक कारोवारमा र २०७९/१२/२६ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरि शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो ।

**४. सभाको वैधानिकता र गणपुरक संख्या :**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको कम्पनी ऐनको प्रावधान बमोजिम तेह्रौं वार्षिक साधारण सभा कुल संख्या १,५०,०८,२५८ (प्रोक्सी समेत) र कुल शेयरको ६७.०२ प्रतिशत प्रतिनिधित्व भएको हुदाँ सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

कम्पनी ऐन २०६३ बमोजिम कम्पनीको संचालक समितिका सदस्य श्री सौरभ दुगड्ज्यूको सभापतित्वमा बिहान १०:३० बजे साधारण सभा शुरु भयो ।

सभामा शेयरधनी महानुभावहरु मध्ये २० जनाले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरिक्षण विवरण आदीमा आ-आफ्नो जिज्ञासा, मन्तब्य, धारणा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो भने शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा तथा मन्तब्य प्रति सभाको सभापतित्व गरिरहनु भएका संचालक समितिका सदस्यज्यू एवं सभापतिज्यू श्री सौरभ दुगड्ज्यूले जवाफ दिनु भएको थियो ।

**सभाका निर्णयहरु :**

साधारण सभाबाट छलफल पश्चात निम्नानुसार प्रस्तावहरु परित भयो ।

१) सामान्य प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट सभापतिज्यूले पेश गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्न सभापतिज्यूले निर्णयार्थ सभामा पेश गर्नु हुदाँ उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

Gurans Life Insurance Co. Ltd. Kathmandu Nepal

२) सामान्य प्रस्ताव अर्न्तगत निर्धारित विषय  सूची नं. २ अनुसार लेखा परीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र तत्सम्वन्धि अनुसूचीहरु माथि छलफल र पारित गर्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३) सामान्य प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ३ अनुसार :आ.व. ०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको बैठकबाट सिफारिस भई आएको र कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम कम्पनीको आ.व. ०७८/०७९ को लेखापरीक्षण कार्यको लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिई नियुक्त भएका लेखा परीक्षक सिए श्री विनय प्रकाश श्रेष्ठ, के.ए.एस.एसोसिट्स आइक्यान नं. ०११६, नयाँबानेश्वर, काठमाडौंलाई पारिश्रमिक रु. ४,२५,०००।-, कर लेखा परीक्षणको लागि रु. ७५,०००।- र विस्तृत लेखापरीक्षण प्रतिवेदनको लागि रु. ७५,०००।- (मु.अ.क.बाहेक) प्रदान गर्ने गरी लेखा परीक्षकमा नियुक्त गर्ने निर्णय लाई अनुमोदन गर्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ४ अनुसार संचालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफाबाट हाल कायम चुक्ता पूंजी रु. २,२३,९३,७०,०००।- को १३.२७१२७७२ प्रतिशतले हुन आउने रकम रु. २९,७१,९३,०००।- (अक्षेरुपी उनान्तीस करोड एकहत्तर लाख त्रियानब्बे हजार मात्र) बराबरको बोनस शेयर (सो मा लाग्ने कर सम्बन्धित शेयरधनीले नै भुक्तान गर्ने) वितरणको प्रस्ताव पारित गर्ने ।साथै शेयर लाभांश वितरण गर्दा हुन आउने दशमलव पछिको अंक (Fraction Share)शेयर र पहिला यथावत कायम रहेको दशमलब पछिको अंक (Fraction Share) शेयर समेत थप गर्दा १ कित्ता शेयर दिन सकिने भएमा सो दिई बाँकी रहन आउने दशमलब पछिको अंक (Fraction Share) शेयरलाई यथावत राख्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ५ अनुसार बोनस शेयर जारी पश्चात बृद्धि हुन आउने अधिकृत, जारी तथा चुक्ता पुँजीलाई सोही अनुरुप बृद्धि गरि कम्पनीको प्रबन्धपत्रको दफा ५ को क, ख र ग मा तीन महलेमा उल्लेख भए बमोजिम संशोधन गर्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

६) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ६ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन एवं स्वीकृतिको लागि नियमनकारी निकायले कुनै हेरफेर, संशोधन वा थपघट गर्न निर्देशन दिएमा सो बमोजिम आवश्यक संशोधन गर्ने संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

Gurans Life Insurance Co. Ltd.
Kathmandu
Nepal

७) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ७ अनुसार बीमकको संस्थागत सुशासन निर्देशिका बमोजिम विभिन्न समिति तथा उपसमितिहरुलाई प्रदान गरिएको बैठक भत्ता अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्न सभापति महोदयबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

८) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ८ अनुसार नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणको मिति २०७८/१२/११ गते जारी निर्देशन अनुरुप २०७९ साल चैत्र मसान्त सम्ममा यस कम्पनीको चुक्ता पूंजी रु. ५ अर्ब कायम गर्न प्राप्त भएको निर्देशनलाई मध्यनजर गरी यस कम्पनीको चुक्ता पूंजी बृद्धि गर्नको लागि यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिने (Merger) सम्झौता बमोजिम यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

९) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ९ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा **"हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रजीमा **"Himalayan Life Insurance Limited"** कायम गरी सो नामबाट जीवन बीमा व्यवसाय संचालन गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१०) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १० अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता सुबोध एण्ड एशोसिएट्स, चार्टड एकाउण्टेन्टसद्धारा तयार गरिएको यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Dilligence Report (DDR)** अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको आधारमा यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको (तीनै कम्पनीको) शेयर अनुपात क्रमश: १:१:१ कायम गरी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

११) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. ११ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभाको निर्णयानुसार कम्पनी गाभ्ने/गाभिने प्रयोजनको लागि प्राप्त अख्तियारी बमोजिम यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ

Gurans Life Insurance Co. Ltd. Kathmandu Nepal

इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्यको लागि मिति २०७९।१०।०१ गते गरिएको अन्तिम सम्झौतापत्र **(Scheme of Agreement),** मिति २०७९।०१।२९ गते गरिएको प्रारम्भिक सहमतीपत्र **(Memorandum of Understanding)** तथा अन्य भए गरेका मर्जर सम्बद्ध सम्झौताहरुको अनुमोदन गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१२) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १२ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Dilligence Audit (DDA)** तयार गर्नका लागि यस कम्पनीको संचालक समितिको निर्णयानुसार नियुक्त हुनु भएका लेखापरीक्षक/मुल्यांकनकर्ता सुबोध एण्ड एशोसिएट्स, चार्टड एकाउण्टेन्टसको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक शुल्क अनुमोदन गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१३) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १३ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीको लागि नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणमा निवेदन गर्न र गाभ्ने/गाभिने कार्य संग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१४) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १४ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात गठन हुने संचालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पश्चात बन्ने कम्पनीको संचालक समितिमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट चयन भई आउनु हुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

Gurans Life Insurance Co. Ltd. Kathmandu Nepal

१५) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १५ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको साविक संचालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै अवधि बाँकी रहेको भएता पनि गाभिने कार्य सम्पन्न भई साविक तिन वटै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ संचालक समिति गठन भए पश्चात बिद्यमान संचालकहरुको कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत गाभिए पछि बन्ने संस्थाको प्रथम बार्षिक/बिशेष साधारण सभा नभए सम्म मात्र कायम रहने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१६) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १६ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको केन्द्रिय कार्यालय जिल्ला काठमाण्डौं, काठमाडौं महानगरपालिका वडा नं. १, काठमाडौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१७) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १७ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको नाम, अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि हुने हुँदा सोहि मुताविक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरु संशोधन गरी अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर छलफल गर्दा यस कम्पनीको नाम नेपालीमा **"हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रेजीमा **"Himalayan Life Insurance Limited"** भनिने र तिन वटै कम्पनीको मर्जर पश्चात कम्पनीले प्राइम लाइफ इन्स्योरेन्स लिमिटेडको दर्ता नम्बर प्रयोग, गर्ने हुँदा सोही अनुसार अधिकृत पूजी रु. १०,००,००,००,००० (दश अर्ब) कायम गर्ने र तिन वटै कम्पनीको जारी तथा चुक्ता पूंजी जोडी जारी तथा चुक्ता पूंजी कायम हुने हुँदा यस कम्पनीको जारी पूंजी रु. २,५३,६५,६३,००० (दुई अर्ब त्रिपन्न करोड पैसठ्ठी लाख त्रिसठ्ठी हजार), यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जारी पूंजी रु. २,३४,२८,५५,००० (दुई अर्ब चौतिस करोड अठ्ठाइस लाख पचपन्न हजार) र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जारी पूंजी रु. ३,१४,०९,६५,६०२ ( तिन अर्ब चौध करोड नौ लाख पैसठ्ठी हजार छ सय दुई) गरी जम्मा जारी पूंजी रु. ८,०२,०३,८३,६०२ (अक्षरेपी आठ अर्ब दुई करोड तिन लाख त्रियासी हजार छ सय दुई) तथा यस कम्पनीको चुक्ता पूंजी रु. २,५३,६५,६३,००० (दुई अर्ब त्रिपन्न करोड पैसठ्ठी लाख त्रिसठ्ठी हजार),यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चुक्ता पूंजी रु. २,३४,२८,५५,००० (दुई अर्ब चौतिस करोड अठ्ठाइस लाख पचपन्न हजार) र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चुक्ता पूंजी रु. ३,१४,०९,६५,६०२ (तिन अर्ब चौध करोड नौ लाख पैसठ्ठी हजार छ सय दुई) गरी जम्मा चुक्ता पूंजी रु. ८,०२,०३,८३,६०२ (अक्षरेपी आठ अर्ब दुई करोड तिन लाख त्रियासी हजार छ सय

Gurans Life Insurance Co. Ltd.
Kathmandu
Nepal

दुई) कायम गर्ने हुँदा सोही अनुसार प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१८) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १८ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व समेत फेरबदल हुने हुँदा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरुमा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व अनुपात क्रमश: ५१:४९ यथावत कायम गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१९) विशेष प्रस्ताव अर्न्तगत निर्धारित विषय सूची नं. १९ अनुसार यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायले कुनै फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले राख्नु भएको प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२०) विविध प्रस्ताव अर्न्तगत सभापति महोदयबाट कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो । अन्त्यमा, साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद दिनुहुदै सभापतिज्यूले दिनको १:०० बजे सभा बिसर्जन भएको घोषण गर्नुभयो ।

Gurans Life Insurance Co. Ltd. Kathmandu Nepal